# जनता बैंक नेपाल लिमिटेडको
# आठौं वार्षिक साधारणसभा बस्ने सम्बन्धी सूचना

मिति २०७४/०८/२९ गते (तदनुसार १५ डिसेम्बर, २०१७) शुक्रबारका दिन बसेको यस बैंक सञ्चालक समितिको २४०औं वैठकको निर्णय अनुसार बैंकको आठौं वार्षिक साधारणसभा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी (पहिलो संशोधन) ऐन, २०७४ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

सभा हुने मिति : २०७४ साल पौष २८ गते शुक्रबार (तदनुसार १२ जनवरी २०१८)
स्थान : अमृतभोग, कालिकास्थान, काठमाडौँ ।
सभा सुरु हुने समय : बिहान ११:०० बजे ।

छलफलको विषयसूची

(क) साधारण प्रस्तावः

(१) आर्थिक वर्ष २०७३/७४ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित मिति २०७४ आषाढ मसान्तको वासलात तथा आर्थिक बर्ष २०७३/७४ को नाफा नोक्सान हिसाब र सोही अवधिको नाफा-नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने ।

(३) आर्थिक वर्ष २०७४/७५ को लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम बैंकको लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (वर्तमान लेखापरीक्षक देव एसोसिएट्स् कानून बमोजिम पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) । आर्थिक वर्ष २०७३/७४ मा लेखापरीक्षकको कामको प्रकृति र परिमाण दुवैमा उल्लेख्य वृद्धि भएकोले साविकमा स्वीकृत लेखापरीक्षण शुल्कमा रु. १,१३,०००/- थप गर्ने लेखापरीक्षण समितिबाट भएको निर्णय अनुमोदन गर्ने ।

(४) बैंकको सञ्चालक समितिमा संस्थापक समुहबाट ३ जना सञ्चालक र सर्वसाधारण समुहबाट ३ जना सञ्चालक गरी जम्मा ६ जना सञ्चालकको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्तावः

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक बर्ष २०७३/७४ सम्मको सञ्चित नाफा-नोक्सान खातामा रहेको रकम, मर्जर तथा एक्विजिशनबाट प्राप्त संचित मुनाफा तथा शेयर प्रिमियमबाट प्राप्त रकम समेत गरी चुक्तापूँजीको १४.४० प्रतिशतले हुने रु. १,००,७०,९१,९३५/- (अक्षरेपी एक अर्ब सत्तरी लाख एकानब्बे हजार नौ सय पैतिस मात्र) शेयरधनीहरूलाई बोनस शेयर वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

(२) विशेष प्रस्ताव नं. १ बमोजिम जारी गरिने बोनस शेयरबाट बृद्धि हुने हदसम्म बैंकको जारी पूँजी र चुक्ता पूँजी बृद्धि गर्ने । सो सम्बन्धमा बैंकको प्रबन्धपत्र र नियमावलीमा आबश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

(३) सञ्चालक समितिको गठन, संख्या र पदावधि लगायतका बिषयहरुमा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा कम्पनी (पहिलो संशोधन) ऐन, २०७४ बमोजिम हुने गरी बैकको नियमावलीको नियम ३(क), ३(ख), २७(२), २८, २९(१), २९(२), ३० तथा ३१(क), ३१(ख) र ३१(ग) मा संशोधन/परिमार्जन/थप गर्ने ।

(४) जनता बैंक नेपाल लिमिटेड र अन्य उपयुक्त बैक तथा वित्तीय संस्था(हरू) एक आपसमा गाभ्न/गाभिन (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्न/ हुन वा स्वदेशी/विदेशी रणनीतिक साझेदारीमा जान आवश्यक सहमति र सम्झौता लगायतका कामहरू गर्न/गराउन सक्ने सञ्चालक समितिलाई प्राप्त अख्तियारीलाई निरन्तरता दिने ।

(५) बैकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने नियमनकारी निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम संशोधन, परिमार्जन र थपघट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

साधारणसभा सम्बन्धी थप जानकारीहरू

१. वार्षिक साधारणसभालाई ध्यानमा राखी बैंकको शेयर दाखिल खारेजको काम मिति २०७४ पौष ११ गते देखि मिति २०७४ पौष २८ गतेसम्म बन्द रहनेछ । नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा मिति २०७४ पौष ११ गते भन्दा अगाडि भएका कारोवारहरु सोको ७ कार्यदिन भित्र हितग्राहि खातामा (DMAT) जम्मा भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सभामा भाग लिन तथा मतदान गर्न पाउनेछन् ।

२. शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित यस सूचनासँगै कम्पनी (पहिलो संशोधन) ऐन, २०७४ को दफा ८४(४) अनुरुप बैंकको संक्षिप्त आर्थिक विवरण समेत प्रकाशन गरिने भएकोले छुट्टै संक्षिप्त बार्षिक आर्थिक विवरण शेयरधनीको ठेगानामा पठाइने छैन ।

३. शेयरधनी महानुभावहरुले साधारणसभामा भाग लिन आउँदा आफ्नो फोटो सहितको कुनै परिचयपत्र सहित शेयर सक्कल प्रमाणपत्र वा हितग्राही (DMAT) खाता नम्बर लिई आउनु पर्नेछ । परिचय खुल्ने कागजात नदेखाई सभामा भाग लिन पाइने छैन ।

४. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । सभा हुने दिन हाजिर पुस्तिका विहान १०:०० बजेदेखि खुल्ला रहनेछ ।

५. शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा संस्थापक समुहको शेयरधनीले संस्थापक समुहको शेयरधनीलाई र सर्वसाधारण शेयरधनीले सर्वसाधारण शेयरधनीलाई मात्र प्रोक्सी दिन पाइनेछ ।

६. प्रोक्सी प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा दिनु पर्नेछ । प्रतिनिधिपत्र (प्रोक्सी फारम) जनता बैंक नेपाल लिमिटेडको आधिकारिक वेभसाईट www.janatabank.com.np बाट download गरी वा बैंकको शेयर रजिष्ट्रार काठमाडौं क्यापिटल मार्केट लिमिटेड वा बैंकको केन्द्रीय कार्यालय थापाथलीबाट प्राप्त गर्न सकिनेछ ।

७. प्रतिनिधिपत्र (प्रोक्सी फारम) सभा शुरु हुनु भन्दा कम्तिमा १२० घण्टा अगावै (अर्थात् २०७४ पौष २३ गते बिहान ११:०० बजेभित्र) बैंकको शेयर रजिष्ट्रार काठमाडौं क्यापिटल मार्केट लिमिटेड, काठमाडौं प्लाजा, कमलादी, काठमाडौंमा दर्ता गरि सक्नु पर्नेछ ।

८. शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्टयाई प्रोक्सी दिन पाइनेछैन । तर, एकै व्यक्ति संस्थापक समूह र सर्वसाधारण समूह दुबै तर्फ शेयरधनी रहेछ भने संस्थापक समूहको शेयरको प्रतिनिधि सोही समूहको शेयरधनी र सर्वसाधारण समूहको शेयरको प्रतिनिधि सोही समूहको शेयरधनी हुने गरी फरक व्यक्तिलाई प्रतिनिधि नियुक्त गर्न भने बाधा पर्ने छैन । बैंकको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन पाइनेछैन, दिएमा बदर हुनेछ ।

९. एक जना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर, पहिला दिएको प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) बदर गरी पछि दिईएको प्रतिनिधि-पत्रलाई मात्र मान्यता दिन अनुरोध गरी छुट्टै पत्रसाथ प्रतिनिधिपत्र (प्रोक्सी फाराम) तोकिएको समयावधि भित्रै दर्ता हुन आएमा पत्र सहित प्राप्त पछिल्लो प्रतिनिधिपत्र (प्रोक्सी फाराम) लाई मान्यता दिइनेछ ।

१०. प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा त्यस्तो शेयरधनीले दिएको प्रतिनिधिपत्र (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ ।

११. शेयरधनी संगठित संस्था वा कम्पनीले प्रतिनिधि नियुक्त गर्दा कम्पनी निर्देशिका, २०७२ को निर्देशन नं. ४३ बमोजिम करार गर्न योग्य प्राकृतिक व्यक्तिलाई मात्र सभामा उपस्थित हुन र मत प्रयोग गर्न पाउने गरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछ । संगठित संस्था वा अन्य कुनै कृत्रिम व्यक्तिलाई प्रोक्सी नियुक्त गर्न सक्ने छैन । प्रतिनिधि नियुक्ति भएकोमा प्रतिनिधि नियुक्ति पत्रसाथ सम्बन्धित संगठित संस्था वा कम्पनीको सञ्चालक समितिको निर्णयको प्रतिलिपि संलग्न हुनु पर्नेछ । संगठित संस्था वा कम्पनीको प्रतिनिधि बैंकको शेयरधनी हुन आवश्यक छैन ।

१२. नाबालक वा अशक्त शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन र मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ ।

१३. शेयरधनी महानुभावहरु सभा स्थल आउँदा झोला, ब्याग, छाता जस्ता बस्तुहरू नल्याइदिन र ल्याएको भएमा सुरक्षाकर्मीले जाँच गर्दा देखाई सहयोग गरिदिन अनुरोध छ ।

१४. शेयरधनी महानुभावहरूले बैंकको केन्द्रीय कार्यालय, थापाथलीमा सम्पर्क राखी लेखापरीक्षकको प्रतिवेदनसहितको बैंकको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी (पहिलो संशोधन) ऐन, २०७४ को दफा ७८ बमोजिमको प्रतिवेदन लगायतका कागजातहरू निरीक्षण गर्न तथा प्राप्त गर्न सक्नुहुनेछ ।

१५. शेयरधनी महानुभावहरूले आफ्नो जिज्ञासा वा जानकारी सभामा प्रस्तुत गर्न चाहेमा त्यस्तो जिज्ञासा वा जानकारी सभा हुनुभन्दा ७ (सात) दिन अगावै लिखित रूपमा कम्पनी सचिव मार्फत् सञ्चालक समितिको अध्यक्षलाई बुझाउनु पर्नेछ । त्यस्तो जिज्ञासा वा जानकारी सभाको विषय सूचीको विविध शीर्षकमा समावेश हुनेछ । तर छलफल र पारित हुने प्रस्तावको सूचीमा समावेश हुने छैन ।

१६. साधारणसभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र यस बैंकको केन्द्रीय कार्यालय, थापाथली वा आफूलाई पायक पर्ने यस बैंकको शाखा कार्यालय वा यस बैकको शेयर रजिष्ट्रार काठमाडौं क्यापिटल मार्केट लिमिटेड, काठमाडौ प्लाजा, कमलादीमा सम्पर्क राख्न सक्नु हुनेछ । साधारणसभा सम्बन्धी जानकारी बैंकको आधिकारिक वेभसाईट www.janatabank.com.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

१७. साधारण प्रस्ताव नं. (४) बमोजिमको सञ्चालक निर्वाचन सम्बन्धी विस्तृत कार्यक्रम निर्वाचन अधिकृत मार्फत बैकको केन्द्रीय कार्यालय, थापाथली, काठमाण्डौमा रहेको सूचना पाटीमा सभा हुने दिन भन्दा १५ दिन अगावै प्रकाशित गरिनेछ र बैकको आधिकारिक वेभसाईट www.janatabank.com.np मा समेत प्रकाशित गरिनेछ ।

*****